फोन नं. ०८१-५२०१५१, ५२०३३८, ५२०३१६
टोलफ्री नं. १६६० ८१ ५२०५२
फयाक्स नं. ०८१-५२०२४०
इमेल : nepalgunjmun@gmail.com

# नेपालगञ्ज उप–महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**नेपालगञ्ज, बाँके जिल्ला** **लुम्बिनी प्रदेश, नेपाल ।**

## तालिम सञ्चालनका लागि तालिम प्रदायक संस्था/कम्पनि वा कन्सल्टेन्सीहरुलाई प्रस्ताव आहवान सम्बन्धी सूचना

**(दोश्रो पटक प्रकाशित मिति २०७८।०८।३)**

चालू आ.व. २०७८।०७९ मा संघीय सरकारको प्राप्त विशेष अनुदानबाट मधेशी, मुस्लिम, दलित, आदिवासी जनजाती तथा लोपोन्मुख जातिका व्यक्तिहरुको व्यावसायिकता प्रवर्द्धन एवं क्षमता विकास कार्यक्रम अन्तर्गत् लक्षित समूहका युवायुवतीहरुको सहभागीतामा तालिम कार्यक्रमहरु तोकिएको कार्यक्षेत्रगत शर्त (ToR) मापदण्डका आधारमा सञ्चालन गरि प्रतिष्पर्धात्मक परीक्षामा गुणात्मक नतिजा एवं स्वरोजगार उन्मुख गर्ने उद्धेश्यले देहायका तालिम कार्यक्रमहरु तोकिएको क्षेत्रमा ख्यातीप्राप्त, अनुभवी एवं विशेषज्ञता हासिल गरिसकेका तालिम प्रदायक संस्था, कम्पनि, कन्सल्टेन्सीहरुबाट गर्नुपर्ने भएकोले तोकिएको कार्यक्षेत्रगत शर्त (ToR) बमोजिम मोटर चालक तालिम र अटोरिक्सा चालक तालिमको छुट्टाछुट्टै प्राविधिक तथा आर्थिक विषय समेटी प्रत्येक कार्यक्रमको छुट्टाछुट्टै प्रस्ताव सहित देहायका कागजातहरु संलग्न राखि सवै कागजातमा पर्ने गरि संस्थाको आधिकारिक व्यक्तिले प्रमाणित गरि शिलबन्दी खाम सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा पेश गर्न हुन यो प्रस्ताव आहवान गरिएको छ ।

**तपसिल**

| सि.नं. | तालिम कार्यक्रमको नाम | प्रशिक्षार्थी संख्या | तालिम अवधी | दैनिक समय | दर | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १ | मोटर चालक तालिम (चारपाङ्ग्रे) | ७० जना | ३० दिन | २० मिनेट | १२१४२ | आठलाख पचास हजार |
| २ | अटोरिक्सा चालक तालिम ( पेट्रोलबाट चल्ने) | ६० जना | १५ दिन | ३० मिनेट | ८३३३ | पाँचलाख |
| | **जम्मा** | **१३० जना** | | | | **तेह्रलाख पचास हजार, कर सहित** |

**प्राविधिक तथा आर्थिक प्रस्तावका साथ संलग्न गर्नुपर्ने देहाय बमोजिम कागजातहरुको प्रतिलिपि :**

(१) नियमानुसार सरकारी निकायमा दर्ता तथा नविकरण भएको प्रमाणपत्र,
(२) मूल्य अभिवृद्धी.कर दर्ता प्रमाणपत्र,
(३) उप-महानगरपालिकाको मौजूदा सूचीमा सूचिकृत भएको पत्र,
(४) नेपालगञ्जमा कार्यालय स्थापना भएको हकमा यस उप-महानगरपालिकामा दर्ता तथा नविकरण भएको प्रमाणपत्र
(५) यस उप-महानगरपालिकामा चालू आ.व. मा बुझाउनु पर्ने सवै प्रकारका कर चुक्ता गरेको रसिद वा अन्य कागजात,
(६) आ.व.२०७७।०७८ वा २०७६।०७७ को लेखा परीक्षण प्रतिवेदन,
(७) आ.व.२०७७।०७८ वा २०७६।०७७ को कर चुक्ता प्रमाणपत्र,
(८) आफ्नै कार्यालय भएको वा वहालमा लिएको भए सो सम्बन्धि प्रमाणपत्र,
(९) संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष स्वयंले स्वघोषणा गरि पत्र संलग्न गरेको,
(१०) बैंक जमानत वा धरौटी : आफूले पेश गरेको जम्मा लागत मूल्यको न्यूनतम दश प्रतिशत रकम बैंक जमानत वा यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक नेपालगञ्जमा रहेको धरौटी खाता नं. ४१३०१००३०३००००२ मा जम्मा गरि सो को सक्कल भौचर प्रस्ताव साथ संलग्न गरेको हुनुपर्नेछ । माथि सि.नं. १ को हकमा रु सत्र हजार, सि.नं. २ को हकमा रु दश हजार धरौटी जम्मा गर्नुपर्नेछ ।
(११) प्रस्ताव तयार गर्दा कार्यक्षेत्रगत शर्त (ToR) का आधरमा तयार गरेको हुनुपर्नेछ,
(१२) कर कट्टी लगायत अन्य विषयहरु आर्थिक प्रशासन ऐन, नियमावली बमोजिम हुनेछ,

(१३) विषयगत तालिम सञ्चालनका लागि उपयुक्त वातावरण भएको र प्रयोगात्मक सामाग्री सहितको उचित व्यवस्था भएको संस्थाहरुबाट आएको प्रस्तावलाई विशेष प्राथमिकता दिईनेछ,
(१४) कुनै पनि प्रस्तावदाताले माथि उल्लेखित कुनै एक वा सवै क्रियाकलापहरुमा प्रस्ताव पेश गर्न सक्नेछन
(१५) न्यूनतम सहभागी संख्या, तालिम अवधी र दैनिक समयको हकमा निर्धारित गरिएको दर भन्दा घटी हुने गरी प्रस्ताव पेश गरेमा रद्ध गरिनेछ साथै सोहि शिर्षकमा बढी हुने गरि पेश गरेमा सूचनामा तोकीएकै संख्या सरह मानि मूल्यांकन गरिनेछ ।
(१६) तोकिएको लागत मूल्य भन्दा घटी दर राखि पेश भएका प्रस्तावहरुलाई प्राथमिकता दिईनेछ ।
प्रस्तावदाताहरुले उप-महानगरपालिका कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् २०७८ मंसिर १७ गते कार्यालय समय भित्र, उक्त दिन विदा भएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ । साथै शिलबन्दी खाम पेश गर्दा यस कार्यालयको राजस्व शाखामा नगद रु १०००।- (एकहजार) राजस्व बुझाई नगदी रसिद खाम भित्र नराखी प्रस्ताव दर्ता गर्दा सक्कल पेश गर्नुपर्नेछ ।
(१८) दर्ता भएका सवै प्रस्तावहरु प्रस्ताव बुझाउने अन्तिम दिनको भोलिपल्ट कार्यालयका प्रतिनीधि तथा प्रस्तावदाता प्रतिनीधिहरुको रोहवरमा खोलिनेछ र प्रस्तावदाता अनुपस्थित भएमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन,
(१९) प्रकाशित सूचना तथा कार्यक्षेत्रगत शर्त (ToR) यस कार्यालयको सूचनापाटी तथा website: www.nepalgunjmun.gov.np मा पनि हेर्न र डाउनलोड गर्न सकिनेछ । थप जानकारीका लागि: नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयको सामाजिक, गैसस तथा साझेदारी विकास शाखामा सम्पर्क गर्न सकिनेछ । कार्यालयको फोन नं. ०८१-५२३६४१/५२०३१६ ।

**नेपालगञ्ज उप-महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय नेपालगञ्ज ।**